**तिनाउ गाउपालिका**

**गाउं कार्यपालिकाको कार्यालय**

**दोभान ,पाल्पा**

**ट्रस (मिटिङ्ग हल) निर्माण सम्वन्धि सिलबन्दी दरभाउ पत्र आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मिति :२०७४/१२/०१**

यस तिनाउ गाउंपालिका,दोभान-पाल्पाको ट्रस (मिटिङ्ग हल) निर्माण गर्नु पर्ने भएकोले नेपाल सरकार बाट इजाजत प्राप्त ईच्छुक नेपाली निर्माण व्यवसायीहरुबाट निम्न सर्तको अधिनमा रहि रित पुर्वक सिलबन्दी दरभाउपत्र पेश गर्नका लागि यो सूचना प्रकासित गरएको छ ।

१. यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रु.१०००।००( अक्षरेपी एक हजार मात्र ) फिर्ता नहुने गरी तिरी दरभाउपत्र फारम प्रोपराइटर वा निजको अधिकृत प्रतिनिधिले यस कार्यालयबाट खरीद गर्न सक्ने छ ।

२. दरभाउपत्र फारम खरीद गर्दा फार्म दर्ता प्रमाणपत्रको प्रतिलिपि, आ. व. २०७४/०७५ को नविकरण, कर चुक्ता प्रमाणपत्र तथा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी साथमा पेश गर्नुपर्नेछ ।

३. खरीद गरिएको दरभाउ पत्र फारम नियमानुसार भरी सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं दिन) दिनको १२.०० बजे भित्र यस कार्यालयमा सिलबन्दी दरभाउ पत्र दाखिला गर्न सकिने छ । दाखिला हुन आएका सिलबन्दी दरभाउ पत्र सोही दिनको २.०० बजे यस कार्यालयमा उपस्थित दरभाउ पत्र दाता वा निजको प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । दरभाउ पत्र दाता वा निजको प्रतिनिधिहरु उपस्थित नभएता पनि दरभाउ पत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४. दरभाउ पत्र खरीद गर्ने अन्तिम दिन बिदा पर्न गएमा सोको लगत्तै कार्यालय खुलेको दिन दरभाउ पत्र खरीद गर्न वा बुझाउन सकिने छ ।

५. दरभाउ पत्र फारम यस कार्यालयबाट कार्यालय समय भित्र खरीद गर्न सकिने छ ।

६. सिलवन्दी दरभाउ पत्र खाम बाहिर कार्यालयको नाम , कामको विवरण , दरभाउ पत्र दाताको नाम र ठेगाना स्पस्ट लेखिएको हुनुपर्ने छ ।

७. दरभाउ पत्रसाथ यस कार्यालयको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक,तानसेन-पाल्पामा रहेको धरौटी हिसाब नं. ३०३०३०३००७१०९ ख ३ धरौटी खातामा तल उल्लेखित जमानत बापत रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा ९० दिन म्याद भएको नेपाल सरकार बाट मान्यता प्राप्त बैंकहरुबाट यस कार्यालयको नाममा जारी गरिएको जमानी पत्र ( बिडबण्ड) पेश गर्नु पर्ने छ । दरभाउ पत्र स्विकृत भए पछि कबोल अंकको ५(पांच) प्रतिशतले हुन आउने बराबरको रकम जम्मा गरेको बैंक भौचर वा सो को बराबर बैंक ग्यारेन्टी जमानत पेश गर्नुपर्नेछ ।

८. सिलबन्दी दरभाउपत्रमा केरमेट भएमा दरभाउपत्र दाताको दस्तखत र छाप भएको हुनुपर्नेछ ।

९. दरभाउ पत्रको दर रेट उल्लेख गर्दा अंक र अक्षर दुबैमा स्पस्ट लेख्नुपर्ने छ । अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिने छ ।

१०. एउटाको नाममा खरीद गरिएका दरभाउ पत्र अर्काको फार्मको नाउमा दाखिला गर्न पाइने छैन ।

११. कुनै शर्त राखि पेश गरेको दरभाउ पत्र उपर कुनै कारवाही हुने छैन ।

१२. कार्यालयबाट उपलव्ध दरभाउ पत्र फारममा थपघट गरीएको, रित नपुगेको, म्याद नाघि पेश हुन आएको दरभाउ पत्र उपर कुनै कारवाही गरिने छैन तथा दरभाउ पत्र स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१३. अन्य कुराको जानकारी आवश्यक भएमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ । सम्पर्क फोन नं. ०७५-४१३०६३

१४. यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरीद ऐन २०७३,(पहिलो संशोाधन) सार्वजनिक खरीद नियमावली २०७३,(पाँचौ संशोाधन) तथा अन्य प्रचलित कानुन अनुसार हुने छ ।

बैंकको नाम : रा. बा. बैंक पाल्पा

बैंक कोड नम्बर : ३०३

कार्यालय कोड नम्बर : ४०/३६५/१३

राजश्व शिर्षक नम्बर : १४२२७

कार्यालय एकाउन्ट नम्बर : क. १. १. ००१

| सि.नं. | ठेक्का नम्बर | कामको विवरण | ल.ई. रकम भ्याट र कन्टेन्जेन्सी बाहेक | जमानत बापत रकम | दरभाउपत्र फारम दस्तुर |
|---|---|---|---|---|---|
| १ | ०२/०७४/०७५ | ट्रस (मिटिङ्ग हल) निर्माण | १३,३५,७६९।८९ | ३५,०००।०० | रु. १०००।( एक हजार) मात्र |

.......................................

प्रमुख प्रशासकिय अधिकृत